गण्डकी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय मनाङ

चामे, नेपाल

पत्र संख्याः ०८१/०८२

चलानी नं.

**विषयः- गोलिया काठ डाँक बढाबढद्वारा लिलाम बिक्रीको सूचना।**

*लमजुङ दर्पण राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशन मितिः- २०८२/०२/१४*

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. २२२ मिति २०८२/११/२७ को कटान ईजाजत पत्रानसुसार चामे गाँउपालिका-४ स्थित डिभिजन वन कार्यालय मनाङको नाममा रहेको जग्गा र कृषि ज्ञान केन्द्रको कम्पाउन्ड नजिक जोखिम अवस्थामा रहेको तलिस पत्र जातको रुख संख्या १ कटान मुछान गरी उत्पादन हुन आएको साविक इलाका वन कार्यालय चामेको परिसरमा घाटगद्दी गरिएको गोलिका काठ थान ५ को १७९.७५ र दाउरा ०.८० चट्टा गण्डकी प्रदेश वन ऐन, २०८० को दफा ८८ उपदफा २ बमोजिम जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढ प्रक्रियाबाट लिलाम बिक्रीको लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। नियमानुसार सूचिकृत भएका स:मिल/फर्निचर र काठ दाउरा कच्चा पदार्थमा प्रयोग गर्ने भेनियर तथा प्लाई उद्योगले देहायका शर्त बमोजिम तोकिएको मितिमा हुने डाँक बढाबढ प्रक्रियामा भाग लिन आब्हान गरिएको छ।

**तपशिल**

१. वन पैदावारको विवरण

| वन पैदावारको विवरण | | | | | मूल्यांकन रु. | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | जात | किसिम | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मूल्य रु. | कटानमुछान खर्च |
| १. | तलिसपत्र | गोलिया | ५ | १७९.७५ | ३९,९५०/- | ४०,०००/- |
| २. | तलिसपत्र दाउरा | चट्टा २०'*५'*५' | | ०.८ चट्टा | | |

२. डाँक लिलाम बढाबढ हुने स्थान मिति र समयः-

(क) स्थानः- डिभिजन वन कार्यालय मनाङ, चामे ,माडा

(ख) मिति र समयः- २०८२/०२/२९ गते दिउसो १:०० बजे

(ग) तोकिएको दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट हुनेछ।

३. डाँक बढाबढ प्रक्रियामा भाग लिन ईच्छुक फर्मले नेपाली नागरिकताको प्रमाण-पत्र, फर्म दर्ता तथा नविकरणको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर/ स्थायी लेखा नम्वर (PAN) दर्ताको प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र र काठ/दाउरामा आधारित उद्योग सूचिकृत प्रमाण-पत्रको प्रतिलिपि र निवेदन साथ रु. १०/- को टिकट टाँस गरी मिति २०८२/०२/२९ गते दिउसो १२:०० बजे भित्र निवेदन पेश गर्नु पर्नेछ। डाँक बढाबढ न्यूनतम मूल्यबाट शुरु हुनेछ।

४. लिलाम सकार गर्न डाँक बढाबढ प्रक्रियामा भाग लिने सबैले डाँक बोल्नु पूर्व न्यूनतम मूल्यको १० प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्नेछ। डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप गर्दै जानु पर्नेछ।

५. लिलाम स्वीकृत गर्ने वा नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा निहित रहने छ।

६. लिलाम बढाबढ हुने वन पैदावार घाटगद्दीमा हेर्न सकिने छ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम, कटानमुछान खर्च, मूल्य अभिबृद्धि कर, अग्रिम आयकर र प्रदेश सेवा शुल्क बुझाई सकार गरेको वन पैदावार उठाई लैजान पर्ने छ।

८. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।